**बैठक नं. ३**

(बैठक संख्या ६१)

आज मिति २०८१/०६/०४ गतेका दिन यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक वसी तपसिल वमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | [signature] |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | [signature] |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | [signature] |
| ४ | वडा अध्यक्ष २ | श्री चेत वहादुर सुनारी | [signature] |
| ५ | वडा अध्यक्ष ३ | श्री धमन वहादुर गाहा | [signature] |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | [signature] |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त वस्याल | [signature] |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | [signature] |
| ९ | सदस्य | श्री सरस्वती वि.क | [signature] |
| १० | सदस्य | श्री विमला जि.आर | [signature] |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | [signature] |
| १२ | सदस्य | श्री भोज वहादुर वि.क. | [signature] |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | [signature] |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | [signature] |
| १५. | अधिकृत छैटौं | श्री विमला गौडे | [signature] |
| १६. | ना.सु. | श्री मिना नेपाली | मिना |
| | | | |
| | | | |
| | | | |

बैठक नं ३ मिति: २०८१/०६/०४

## निर्णयहरु

**१. शिक्षक सरुवा प्रस्ताव अनुमोदन सम्बन्धमा:** मिती २०८१ असोज ४ गतेको शिक्षा समितीले गरेको शिक्षक सरुवा प्रस्ताव अनुमोदन गर्ने ।

२. चालु आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पढ्दै जाउँ कमाउँदै जाउँ कार्यक्रम जनकल्याण मा.वि. हुँगीमा संचालन गर्ने ।

**३. बार्षिक योजना कार्यान्वयन सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गर्न बाँकी वडाहरुले दशै अगावै उपभोक्ता समिति गठन गर्ने ।

४. आउँदै गरेको नेपालीहरुको महान चाड विजया दशमी, तिहार तथा पर्व लक्षित शान्ति सुरक्षा र अमनचयन कामय गर्न सबै सुरक्षा निकायहरुसँग समन्वय गर्ने ।

**५. आर्थिक सहयोग:** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस सहित आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

| निवेदक | ठेगाना | सहयोग | क्षति | भुक्तानी शिर्षक |
|---|---|---|---|---|
| पार्वती विश्वकर्मा | रम्भा ३ | ७५०० | गोठ पूर्ण क्षति | विपद व्यवस्थापन कोष |
| वीर वहादुर राना | रम्भा ५ | १५००० | घर गोठ पूर्ण क्षति | |

**६. कार्यविधी स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिकाभित्र उत्पादित कृषि तथा पशु उपजहरुको पालिका भित्र तथा बाहिर रैथाने स्टोर संचालन गरि त्यसको विक्रि वितरण,बजारीकरण, व्यवसायीकरण र ब्राण्डिङमा सहयोग पुर्याउन,प्रभावकारी रुपमा कृषि तथा पशु प्राविधिक सेवा प्रदान गर्न साथै भूमि र कृषि योग्य जमिनको सदुपयोग गर्न साथै बाझो जमिन घटाई खेतियोग्य जमिनको विस्तार गर्दै कृषकहरुको मनोबल उच्च राख्न तथा बाँझो जमिनको उपयोगको लागि तपसिल बमोजिमका कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी,२०८१

२. भूमि बैङ्क तथा जग्गा लिज व्यवस्थापन कार्यविधी,२०८१